दोस्रो अङ्क

# वार्षिक सँगालो

NCO, UK
2006
NEPALESE COMMUNITY
OXFORDSHIRE

नेपालीहरूबाट नेपालीहरूको लागि
तयार पारिएको
वर्षभरिका कार्यक्रमहरूको सँगालो
जुलाई २०१९ - नोवेम्बर २०२१

नेपाली समुदाय, ओक्सफोर्ड ।

# बार्षिक सँगालो

NCO, UK
2006
NEPALESE COMMUNITY
OXFORDSHIRE



बार्षिक सँगालोको दोश्रो
अँकमा धेरै धेरै स्वागत छ, यसमा राखिएका सम्पूर्ण
सामग्रीहरु प्रकाशक वा सम्पादक मण्डलमा सुरक्षित छन् साथै
कुनै पनि सामग्रीहरु प्रकाशक वा सम्पादकमण्डलको अनुमति बिना
पुन: प्रकाशन वा अर्कै प्रयोजनको लागि प्रयोग गर्न निषेध छ ।

# NEPALESE COMMUNITY OXFORDSHIRE (NCO)

Executive members, area representatives, advisors and other key appointments:

## EXECUTIVE MEMBERS


Chairman
Capt Tulasi Paudel FCMI


Vice Chairman
Mr Kul Prasad yongya


Secretary
Mr Sanjaya Gurung


Treasurer
Mrs Kabita Sharma Kandel


Asst. Treasurer
Mr Rajib Paudel


Entertainment/Sports
Mr Lila Raj Kambang


Entertainment
Mrs Jasmi Gurung

## AREA REPRESENTATIVES AND ADVISORS

| BARTON | BICESTER | BLACKBIRD LEYS | COWLEY | GREATER LEYS |
|---|---|---|---|---|
| Mr Megh Yakthungbe Limbu | Mr Siri Gurung<br>Mrs Shila Gurung | Mr Navin Gurung | Mrs Lalita Paudel<br>Mr Govind Sapkota<br>Mr Santosh Rai – IC PA System<br>Mrs Manu Lawati Dewan<br>Mrs Musal Maya Limbu | Mr Ram Limbu<br><br>**WALLINGFORD**<br>Mr Moti Gurung |

| HEADINGTON | HOLLOWAY | KIDLINGTON | LITTLEMORE | ROSE HILL |
|---|---|---|---|---|
| Mr Kul Gurung<br>Mr Pradeep Karki<br>Mrs Binaya Karki<br>Mr Ashok Rai<br>Mrs Sabtri Rai | Mr Binod Thapa<br>Mr Ammar Thapa<br>Mrs Khagishara Thapa | Mr Subhash Bhatt | Mr Niranjan Khanal<br><br>**MARSTON**<br>Mr Umesh Shrestha | Mr Bhakta Limbu<br>Mrs Indra Limbu<br>Ms Manu Shahi Limbu<br>Mr Tej Limbu<br>Mrs Keshari Rahadi |

| ADVISORS | NCO REP TO OHTCCP | NCO WEB MASTER, MEDIA PAGE ADMINISTRATOR & PHOTOGRAPHER | CHILDREN NEPALI CLASS LEAD | EDITOR (वार्षिक सँगालो) |
|---|---|---|---|---|
| Mr Chitra Thapa<br>Mr Lochan Limbu<br>Mrs Padma Limbu<br>Mrs Bhim Kala Gyawali<br>Mr Tika Paudel<br>Mr Narkumar Limbu | Mr Rajib Paudel |  Mr Purna Gurung |  Mrs Deepa Thapa | Mrs Meena Thapa BA (Hons)  |

## अध्यक्षबाट दुई शब्द



अक्सफोर्डशायरमा बसोबास गर्नुहुने सम्पूर्ण नेपालीहरु लाई हाम्रो बार्षिक संगालोको दोश्रो अंकमा धेरै धेरै स्वागत छ। बार्षिक संगालोको पहिलो अंकमा जस्तै यस अंकमा पनि हामी हरुले जुलाई २०१९ देखि हुदै आएका प्रायजसो सबै कार्यक्रमहरु लाई समाबेस गरि यँहाहरु समक्ष पस्कने प्रयास गरेका छौं। यसमा कुनै अन्यथा नलिई सकारात्मक सोचले स्वीकार गर्नु होला साथै हाम्रो समुदायको कल्याणको लागि कुनै कुरा सल्लाह सुझाबहरु भएमा कृपया हामीलाई खबर गरिदिनु होला। यस बार्षिक संगालोको दोश्रो अंक तपाई हामी समक्ष ल्याउने कार्यलाई मुर्त रुप दिनको लागि खटिएर काम गर्नुहुने सम्पादक श्रीमती मिना थापा बहिनि लाई हामी सबैको तर्फ बाट धेरै धेरै धन्यवाद दिन चाहन्छु।

तुलसी पौडेल - अध्यक्ष

## सम्पादकीय

बिदेशमा हामीले अन्य भाषाहरु बोल्न जाने पनि सुख्-दुखमा मनको बह साटसाट गर्न नेपाली नै चाहिन्छ। नेपालीहरुबीच एक अर्कामा सम्पर्क्,व्यवहार र भावना आदानप्रदान गर्ने सजिलो माध्यम पनि नेपाली भाषा नै हो। तर, हाम्रा नानीबाबुहरुले नेपाली भाषा र संस्कृति बिर्सेलान भन्ने चिन्तता उत्तिकै छ । तसर्थ्, अक्सफोर्डमा नानी-बाबुहरुहरुलाई नेपाली भाषा सिकाऊन जरुरी देखिएकोले NCO का अध्यक्ष तुलसी पौडेल ज्यु को अनुरोधमा श्रीमती दीपा थापा ज्युले नेपाली भाषा संचालन गर्ने नेतृत्व लिनु भएको थियो । उहाँको साहसी कदम र अन्य धेरै स्वयंसेवकहरुको सहयोग निकै स्राहनिय थियो । नेपाली पढ्ने विधार्थीहरूको उपस्थिती धेरै नै थियो र समान्य नेपाली शब्द/वाक्यहरु राम्रो सँग पढ्न र लेख्न जानिसकेका थिए । तर्, कोभिड १९ ले अहिले स्थगित भएको छ । आशा छ, समय अनुकुल भए पछी नेपाली भाषा कक्षा पुन संचालन हुनेछ।

हुन त, शिक्षक भनेको विधार्थीलाई उत्प्रेरित र प्रोत्साहित गर्दै पढ्न, लेख्न सिकाउने जिवित साधन हो। साना नानीहरुको लागि स्वयम अभिभावक नै साधक बन्नु पर्छ । भनिन्छ नि, "हरेक बच्चा को लागि पहिलो पाठशाला -घर्, पहिलो गुरु – आमा बुवा" । यो वाक्य सुन्नमा जती सरल र मिठास छ तर व्यावहारमा गर्न गराऊन निकै गहन र जटिल छ । तसर्थ्, अभिभावक स्वयम असल र अनुशासित हुनुका साथै व्यावहारिक र शैक्षिक दुवैमा कुशल र दक्ष हुनु अति आवश्यक छ । हाम्रो नेपाली तथा मात्री भाषा, संस्कार, संस्कृति, चाडबाडहरु, भेषभुषाहरु सिकेर, बुझेर व्यावहारमा अपनाऊन साथै असल मानव जिवनको तत्विक बोध गर्न घर, परिवारिक वतावरण र अभिभावकीय भूमिका यस्तो होस्, जहाँ हरेक बच्चाको लागी घर पहिलो पाठ्शाला मात्र नभैइ विश्वविधालय र बृहत पुस्तकालय बनोस, अनि आमा-बुवा पहिलो गुरु मात्र होईन्, वरिष्ठ र विशिष्ट प्रध्यापक बन्न सकोस ।।

- श्रीमती मीना थापा

## पृष्ठ भुमि

विश्वमै प्रसिद्ध ऐतिहासिक शहर अक्सफोर्डमा झन्डै ६०० भन्दा बडी नेपालीहरुले बसोबास गर्दै आएका छन्। हामी नेपालीहरु रहरले नभई कुनै न कुनै ब्यध्यताले गर्दा नेपाल भन्दा बाहिर रहनु परेतापनि, आफ्नो देशको अटुट माया र याद सधै आइनै रहन्छ भन्दा अतियोक्ति नहोला । सबैलाई थाहा भएकै कुरा हो कि बिदेशी जीवन शैली निकै बेफुर्सदिलो हुन्छ र कामको व्यस्तताले गर्दा एक आपसमा भेट घाट हुनसम्मको लागि समेत निकै कठिन हुन्छ। त्यस माथि बितेको बर्ष त् कोरोनाको महामारीले हामी सबैको जनजीवन अस्तब्यस्त बनाइदियो र वर्ष भरीमा आउने रमाइला नेपाली चाडपर्बहरु जस्ले नेपाल बाहिर रहने हामी नेपालीहरुलाई भेटघाट गराउने मात्र काम नगरी नेपालमा रहँदा बिताएका अतितका तिता मिठा र रमाइला यादहरु स्मरण गराउनको साथै एक आपसमा घनिष्ठता बढाऊनको लागि निकै ठुलो भूमिका खेल्ने कार्यक्रमहरु पनि केहि गर्न मिलेको थिएन। आशा गरौ, अब हाम्रो नेपाली समुदाय अक्सफोर्डले समयले साथ दिए सम्म सधै हाम्रा संस्कृति र परम्पराहरुलाई जोगाई राख्नको लागि हर प्रयास गर्ने छ। साथै अक्सफोर्डशायरमा बस्नुहुने सम्पूर्ण नेपालीहरुको पूर्ण सहयोग र सदभाब यसैगरी सँधैभरी रहने छ भन्ने आशा गर्दछौ।

## साधारण वार्षिक सभा- २०१९




शनिवार ६ जुलाई २०१९, अक्सफोर्डशायरमा स्थित रोज हिल कम्यूनिटि सेन्टरमा ओक्सफोर्डसायर यू.के. वासी नेपाली कम्यूनिटिले १०१८/१९ साधारण वार्षिक सभा भव्यताका साथ सम्पन्न गरेको छ। कम्यूनिटिका अध्यक्ष श्री तुलसी पौडेलज्युको अध्यक्ष्यतामा स्वागत मन्तव्य राख्दै कार्यक्रमलाई अगाडि बढेको थियो। समाजका सह-सचिव संजय गुरुङबाट वर्ष भरिको (जुलाई २०१८-२०१९) आर्थिक गतिविधि, सम्पूर्ण कार्यविधि र विवरणहरु प्रस्तुत गर्नुको साथै भावी कार्यक्रमहरुको पनि जानकारी गराउनु भएको थियो। कम्यूनिटिका पदाधिकारी तथा शुभ चिन्तक महानुभाबहरुको सहभागितामा विभिन्न बिषयहरुमा गहन छलफलका साथ बिहान १० बजे शुरु भएको सभा दिउँसो १२ बजे सकिएको थियो।

श्रीमती मिना थापाको सम्पादनमा नेपालीहरुबाट नेपालीहरुको लागि तयार पारिएको वर्षभरिका कार्यक्रमहरुको संगालो जुलाई २०१८ - २०१९ "बार्षिक संगालो" पनि सभामा वितरण गरिएको थियो । वार्षिक सँगालो हामी

अक्सफोर्डशायरमा रहेका सम्पूर्ण नेपालीहरुको वार्षिक गतिबिधिहरुलाई समेटी तयार पारीएको पुस्तक हो र यसमा वर्षभरिका कार्यक्रममा खिचिएको तस्बिरको साथै सम्पूर्ण कार्यक्रमहरुको विवरण रखिएको छ। यसको सम्पादन, प्रिन्ट र NCO को ब्यानर पनि तयार गरेर नेपाल बाट ल्याउने काम सबै श्रीमती थापाले गर्नु भएको थियो । यस सभामा श्रीमती मिना थापाको अनुस्पथितिमा उहाँको श्रीमान देवेन्द्र रानामगर ज्युलाई बिशेष सम्मान गरिएको थियो । साथै आउँदा वर्षहरुमा पनि यसलाई निरन्तरता दिने सो भेलामा निर्णय गरियो। वार्षिक सँगालो प्रकाशनमा सहयोग गर्नु हुनेहरु क्रमस : मीना थापा-सम्पादक, देवेन्द्र राना- £५०, दो बहादुर गर्बुजा- £५०, प्रेम कंडेल £५०, तिलक उपाध्याय- £५०, पि -सोङ किचन- £६० र गोर्खा भिलेज £२९ सबैलाई हाम्रो कम्युनिटीको संरक्षक लरेन्स ली (Patron Lawrence Lee) द्वारा सम्मान प्रदान गरिएको थियो । उहाँले नेपाली कम्युनिटी अक्सफोर्डशायरमा २००६ देखि आवद् रही सहयोग गरि रहन पाउँदा साह्रै खुशी लागेको र विदेशी भूमिमा हामी जहाँ - जस्तो सुकै भए पनि आखिर हामी नेपाली हौ र नेपाली नै रहने छौ भनि साह्रै मिठो र सभ्य मन्तब्य राख्नु भएको थियो ।

हाम्रो कम्युनिटीमा, श्री भानु सापकोटा ज्यु लाई नयाँ सदस्यता प्रदान गर्नुका साथै उहाँले यस कम्युनिटीको सम्पुर्ण नियममा रहेर सक्दो सहयोग गर्नुहुने बचन दिनुभएको थियो। अन्तमा, आँऊदो वर्ष, ११ जुलाई २०२० को दिन एन. सी.ओ. को महादिवेसनको दिन तोकिएको निर्णयका साथ यस वार्षिक सभामा सहभागी सम्पूर्ण सहभागीहरु प्रति हार्दिक अभारका साथ धेरै धेरै धन्यवाद ब्यक्त गर्नु हुँदै अध्यक्ष ज्यु बाट सभा बिसर्जन गरिएको थियो।

- *NCO सचिव सन्जय गुरुङ*

## काउली रोड कार्निवल, २०१९

आइतवार ७ जुलाई २०१९, यस वर्ष पनि नेपलिज कम्युनिटी अक्सफोर्डशायरको आयोजनामा अघिल्ला वर्षहरुमा जस्तै १०० भन्दा धेरै नेपालीहरुको सहभागितामा अक्सफोर्डको स्थानीय वार्षिक मेला “काउली रोड कार्निभल – २०१९” मा अति उत्साहका साथ भाग लिएका छन्।







नेपालको विभिन्न जातिय पहिचान झल्काउने नेपाली पोशाकहरुमा, नेपाली बाजाहरु बजाउदै, नृत्य सडकमा नेपाली साँस्कृतिक प्रदर्शन गरि हजारौं पैदल यात्री तथा सडक दर्शकहरुलाई मनोरंजन मात्र नभएर सहभागी नेपालीहरुले उक्त मेलामा नेपालीहरुको साँस्कृतिक पहिचान तथा परिचय दिन सफल भएको छ।






सम्पूर्ण सहभागीहरु प्रति नेपलिज कम्युनिटी अक्सफोर्डशायर UK हार्दिक अभारका साथ धेरै धेरै धन्यवाद ब्यक्त गर्न चाहन्छौं । कोरोनाको महामारीको कारणले गर्दा यो कार्यक्रम २०२०/२१ मा हुन सकेन, तर आशा गरौ २०२२ मा यो कार्यक्रम पुन सुसम्पन्न हुनेछ।

*-पुर्ण गुरुङ*

## नेपाली संगीत र फूड फेस्टिवलका लागि नेपाल दूतावासबाट आमन्त्रित

मंगलबार १६ जुलाई १९, नेपाल दूतावास द्वारा आयोजित नेपाली संगीत र खाधय महोत्सव केन्सिंग्टन प्यालेस गार्डन, लन्डनमा हाम्रो समुदायको तर्फ बाट कम्युनितीका सदस्य श्रीमान र श्रीमती दो बहादुर गर्बुजा ज्यु ले सहभागीता जनाऊँनु भएको थियो।

## नेपाली भाषा कक्षाको पहिलो बैठक - आइतवार २१ जुलाई २०१९

द भेन्यु, बार्न्स रोड, नेपाली भाषा कक्षा संचालनको लागि गरिएको छलफल कार्यक्रममा निम्न लिखित ब्यक्ति-ब्यक्तित्व हरुको उपस्थित थियो ।

१ अध्यक्ष, श्री तुलसी पौडेल्
२ श्रीमती दीपा थापा
३ सुश्री शलिना थापा
४ श्रीमती कविता शर्मा कंडेल्
५ श्रीमती शोभा शर्मा
६ श्रीमती मीना थापा राना
७ श्री प्रेम कंडेल्
८ श्री सुर्यमणी ज्ञावाली
९ श्री विनोद थापा

उक्त छलफलमा विशेषत; १४ जुलाई २०१९ मा उपस्थित स्वंयसेविका/सेवकहरु द्वारा नेपाली भाषा पठन्-पाठनको लागि तयार गरिएको अत्त्यावश्यक पुर्वाधारहरु जस्तै: नेपाली भाषाको पुस्तकहरु, पाठयक्रम तथा अन्य शैक्षिक समाग्रीहरु, शिक्षण विधी तथा शैक्षिक प्रवाधानहरु, समय-कार्य तालिका,विधार्थी शुल्क आदी विषयहरुमा श्रीमती दीपा थापा ज्यु ले अध्यक्ष ज्यु लाई अवलोकन गराऊनु भएको थियो ।

नेपाली भाषा कक्षाको प्रारम्भिक सर्वेक्षण १२ जुलाई २०१९ बाट शुरु गरिएको थियो। जसको आधारमा ३ देखी १३ वर्ष सम्मका,१९ जना नेपाली नानी-बाबुहरु लाई अभिभावकहरुले नेपाली भाषा पढ्नको लागी नाम दर्ता गराएका थिए।

नेपाली भाषाको पहिलो कक्षा आइतबार १ सेप्टेम्बर २०१९ बाट शुरु हुने र यो हरेक हप्ताको आइतबार बिहान ११ बजे देखि १२ बजे सम्म सम्म, द भेन्यु, बार्न्स रोड्मा स्कूलको क्यालेन्डर सँग मिलाई तथा स्कुल खुला हुने समयमा मात्र संचालन गरिने निर्णय गरिएको थियो । यो कक्षा नित्तान्त रुपमा साना नानीबाबुहरुको लागि भएकोले सर्वप्रथम ऊनीहरुको सुरक्षा व्यवस्थापन महत्वपुर्ण हुन्छ। तसर्थ्, सबै स्वंमसेविका/सेवकहरुको आधारभुत आवश्यक योग्यता (basic eligibility requirements) जस्तै: बायो डाटा बुझाँऊनु पर्ने, DBS जाँच गर्ने, कन्सेन्ट फारम्, रजिष्ट्रेसन फारम (अभिभावक हरुको लागि) भर्नुपर्ने विषयहरुमा निर्णय भएको थियो ।
श्रीमती दीपा थापा ज्यु लाई, अध्यक्ष- श्री तुलसी पौडेल ज्यु ले नेपाली भाषा कक्षा संचालनको नेतृत्व गर्नको लागि गर्नु भएको अनुरोध स्वीकार गर्नु भएको थियो।

अन्तमा, अध्यक्ष ज्यु ले नेपाली भाषा कक्षा राम्रो सँग संचलन गर्न / गराँऊनको लागि सबै स्वंमसेविका/सेवकहरु लगायत अभिभावकहरुले पनि माथि उल्लेखित आंचार संहितालाई एकदमै अनुशासित भएर पलन गर्नु पर्ने कुरामा विशेष जोड दिनु भएको थियो ।

## अक्सफोर्डशायेर निबासी नेपालीहरुको तथ्यांक

हामी जोसुकै जस्तोसुकै तथा जहाँबाट जुनसुकै विचार लिएर आएपनि, दुख-सुखमा तथा मर्दापर्दा हामी सबै एक नेपाली हौ भन्ने भावना लिएर अक्सफोर्डशायरमा बसोबास गर्नुहुने सम्पूर्ण नेपालीहरुको तथ्यांक तथा जनगणनाको लागि फारम तयार गरिएको छ। कृपया अन्यथा नलिई सम्पूर्ण परिवारको

नाम लेखि फारम भरि पठाई दिनु हुन अनुरोध गर्दै आएका छौ। आहिले सम्ममा लगभग ४०० जना जतिले फारम भरि सक्नु भएको छ।

## पोर्ट्स माउथ समुन्द्र किनारको मनोरन्जन भ्रमण

आइतवार २८ जुलाई २०१९, नेपलिज कम्युनिटी अक्सफोर्डशायर (NCO) कै इतिहासमा पहिलो पटक




२०० भन्दा धेरै अक्सफोर्डशायरवासी नेपालीहरु अक्सफोर्ड बाट पोर्ट्स माउथ समुन्द्र किनारको मनोरन्जन भ्रमण गरि सकुशल फर्केका छन्। कम्यूनिटिका अध्यक्ष श्री तुलसी पौडेल ज्यु र कम्युनिटीका अन्य स्वमसेवक हरुको विशेष पहलमा यो कार्यक्रमको व्यवस्थापन भएको थियो भने आर्थिक सहयोग £३,६२१ राष्ट्रिय लटरी समुदाय कोष (National Lottery Community Fund) बाट उपलब्ध गराएको थियो। यो भ्रमण हाम्रो पहिलो प्रयास भएता पनि हाम्रो भैबर ग्रुपको कमेन्ट अनुसार भव्यताका साथ यो कार्यक्रम सफल भएको छ र भ्रमणमा सहभागी सबैले एक दमै राम्रो मनोरन्जन लिएको बुझ्नमा आएको छ।





**तस्विर आफै बोल्छ, ससाना नानीहरु, वयस्क देखि वृद्सम्म सबैले भरपूर्ण मनोरन्जन लिएको देखिन्छ ।**



*- पुर्ण गुरुङ; NCO Web Master, Media Page Administrator & Photographer.*

## बेलायतको अक्सफोर्ड निबासी नेपाली दिदि-बहिनि र चेलिबेटीहरुले तीज तथा महिलाहरुको बार्षिक भेटघाट धुमधामका साथ मनाए




बेलायतको अक्सफोर्ड निबासी नेपाली दिदि-बहिनि र चेलिबेटीहरुले यस बर्ष २०७६ को तीज तथा महिलाहरुको बार्षिक भेटघाट कार्यक्रम शनिबार, १७ अगस्त २०१९ का दिन निकै भव्यताका साथमा मनाउनुभयो। यस महान पर्ब हरितालिका तीजको अबसरमा सुन्दर पहिरहनमा सजिएका दिदी बैनी हरुले कम्मर मर्काई- मर्काई नाची आफुहरुले अपार मनोरंजन लिनुको साथै उपस्थित सबैलाई मनोरंजन दिनु भएको थियो।



यो बर्ष बिशेष गरी समूहगत तीज नाचले कार्यक्रममा छुटै आकर्षण बढाएको थियो । उक्त समूहगत नाचको नृत्य निर्देशन लक्ष्मी रेग्मी ले गर्नु भएको थियो भने समूह नृत्यमा कबिता शर्मा कंडेल, शोभा पौडेल, दिपा थापा, माया देवी सापकोटा, ललिता उपाध्याय र सरिता शर्मा गैरे सहभागी हुनुहुन्थ्यो। अहिलेको लोकप्रिय

तीज गित कोमल ओली को ''छड्के तिलहरी गीतको वोलमा नृत्य प्रस्तुत गरिएको थियो। समूह नृत्य प्रदर्शन गर्ने दिदी बैनीहरुले आफ्नो घरको काम धन्दा, नानीहरुको हेर-चाह अनि दैनिक काम हुदा हुदै पनि समय निकालेर निकै सुन्दर नृत्य को प्रदर्शन गर्नु भएको थियो भने उपस्थित सबै जनाले थपडी ले साथ दिनु भएको थियो । कार्यक्रम आयोजक एन. सी. ओ. लाई सबैले धन्यवाद दिएका थिए ।

*- लक्ष्मी रेग्मी*

## गण्डकी प्रदेशका मुख्य मन्त्रीको अस्क्फोर्ड भ्रमण

बिहीबार २९ अगस्ट २०१९, गण्डकी प्रदेशका मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ ज्यू सँग अक्सफोर्ड विश्वबिधालयमा आयोजित भेटघाट एवं अन्तरक्रिया कार्यक्रम पछि एन. सी. ओ. र हेल्प फोर नेपाल (Help for Nepal) को टिम।





मुख्यमन्त्री ज्यू सँग साक्षात्कार गर्ने अवसर मिलाइदिनुहुने बिश्वबिधालयका प्रो. डेबिड गेल्नर अनि डा. कृष्ण अधिकारी ज्यू लाई हार्दिक धन्यवाद।

*- प्रेम कंडेल*

## नेपाली भाषा कक्षा संचालन

आइतवार १ सेप्टेम्वर १९, नेपाली भाषीको बाहुल्यता भएको देश बेलायतमा बालबालिकालाइ नेपाली भाषाको बोल्न र लेख्न कठिनाइ भएको महसुस गर्दै नेपलिज कम्युनिटी अक्स्फार्डसायर – Nepalese Community Oxfordshire (NCO) को अग्रसरतामा नेपाली भाषा कक्षा सुरु भएको थियो। नेपाली अभिभावकलाइ आफ्ना नानीहरुले नेपाली भाषा र संस्कृति बिर्सेलान भन्ने डर भएको बेला यो कक्षा संचालनमा आउदा धेरै अभिभावक खुशी हुनु भएको देखियो।



कक्षाको सुरुवात नेपाली राष्ट्रिय गान "सय थुंगा फूलका हामि एउटा माला नेपाली" बाट सुरु गरिएको थियो। त्यसपछि सुर्यमणि ज्ञवालीले नेपाली भाषाको बारेमा छोटो परिचय दिनुभएको थियो। सबै भाइबहिनीहरुले नमस्कार गर्दै आफ्नो परिचय दिए। उनीहरु नेपाली बर्णमाला चिन्न, पढ्न र लेख्न एकदमै आतुर देखिन्थे। चौबिस भाइ-बहिनिबाट सुरु गरिएको नेपाली भाषा कक्षा हरेक आइतबार बिहान



११ बजे देखि एक घण्टा नियमित रुपमा संचालन हुने कार्यक्रम थियो तर यो कार्यक्रम कोरोनाको कारणले गर्दा स्थगित भई रहेको छ। आगामी दिनमा नेपाली बोल्न, लेख्न मात्र नभएर, नेपाली रितिरिवाज, चाडबाड र नेपाली संस्कृति सिकाउने उदेश्यका साथ सबै स्वयंसेवक लाग्नु भएको छ। दिपा थापा, प्रेम कंडेल, बिनोद थापा, शोभा खनाल, कविता कंडेल, अशोक राइ, सुर्यमणि ज्ञवाली, अलंकार आत्रेय आदिले शिक्षक-शिक्षिका स्वयंसेवकको रुपमा कक्षा संचालनमा मद्दत गर्नु हुनेछ। यस कदमले नेपाली भाषा र संस्कृतिको जगेर्णाको लागि धैरै सहयोग पुर्याउने आशा राखिएको छ।

*- अलंकार आत्रेय*

## गुल्मी जिल्ला प्राकृतिक दैबी प्रकोप राहत कोषलाई सहयोग,१५/९/२०१९

२०७६ साउन ६ गते राति परेको अबिरल बर्षाको कारणले गुल्मी जिल्ला ठूलो लुम्पेक सत्यवती गाउँपालिका वार्ड नम्बर ३ मा निकै ठूलो दैवीप्रकोपले मानवीय क्षति हुनुको साथै धनजनको तथा एक स्कूल पनि बाढीले बगाएको समाचार ले हामी सबैलाई अति नै दुखि बनायो। सम्पूर्ण क्षतिपूर्ति गर्न नसकेता पनि केही हदसम्मको लागि भएपनि राहत पुऱ्याउनको लागि हेल्प फर नेपाल र हाम्रो समुदायको संयुक्त पहलमा रु २०९,३२२ (£1491.00) संकलन गरि हाम्रा पूर्व अनि सस्थापक



अध्यक्ष श्री चित्र थापा ले सत्यवती गाउँपालिकाको कार्यालयमा पुगी हस्तान्तरण गर्नु भएको थियो।

गुल्मी जिल्ला प्राकृतिक दैबी प्रकोप राहत कोषलाई सहयोग गर्ने दाताहरुको नामावली:

| Name | Amount | | Name | Amount |
|---|---|---|---|---|
| 1. Mr Thakar Vir Sing c/o Tulasi Paudel | £200.00 | | 15. Ashim Gurung & family | £25.00 |
| 2. St Hugh's College Oxford, c/o Keshari Rahadi | £142.00 | | 16. Govind Sapkota & family | £20.00 |
| 3. Tulasi Paudel & family | £15.00 | | 17. Tika Paudel & family | £15.00 |
| 4. Ashok Rai & family | £15.00 | | 18. Kamala Rana & family | £10.00 |
| 5. Subash Bhatt & family | £15.00 | | 19. Sanjaya Gurung & family | £15.00 |
| 6. Do Bahadur Garbuja & family | £21.00 | | 20. Ammar Thapa & family | £15.00 |
| 7. Musalmaya Limbu & family | £10.00 | | 21. Shila Gurung & family | £10.00 |
| 8. Kul Prasad Yongya & family | £15.00 | | 22. Indra Kumari Limbu & family | £15.00 |
| 9. Purna Gurung & family | £20.00 | | 23. Captain (Retd)Chitra Gurung & family | £15.00 |
| 10. Bhagat Thapa & family | £10.00 | | 24. Vikram Gurung & family | £15.00 |
| 11. Prem Kandell & family | £25.00 | | 25. Sukum Bahadur Gurung & family | £15.00 |
| 12. Bhim Kala Gyali & family | £10.00 | | 26. Chandra Rahadi & family - £155.00 | Sent via Gulmi District |
| 13. Krishna Phembo & family | £10.00 | | 27. Chitra Thapa & family £51.00 | |
| 14. Nepalese Community Oxfordshire (NCO) | £800.00 | | | |
| **Cash (GBP) through Help for Nepal** | | | | £1,491.00 |
| Nepal Bank Limited Exchange Rate (Selling) on 4 Oct 19 | | | | £140.39 |
| Total Cash to Gulmi District from Oxfordshire UK | | | | £1,692.00 |
| **Cash (Rupees) through Help for Nepal RS** | | | | **209,321.49** |

## नेपाल राष्ट्रिय दिवस समारोह,



शुक्रबार ९ सेप्टेम्बर २०१९ का दिन लण्डन स्थित नेपाली दूताबास को निमन्त्रणामा अध्यक्ष कप्तान तुलसी पौडेल र श्री प्रेम कँडेल नेपाली दूतावासले आयोजना गरेको बार्षिक नेपाल राष्ट्रिय दिवस समारोहमा उपस्थित हुनु भएको थियो।

## दशैं तथा तिहार साँझ - २०१९

शनिबार ५ अक्टोबर २०१९, अक्सफोर्डमा बिगतका बर्षहरुमा जस्तै नेपाली कम्युनिटी अक्सफोर्डसायरले भब्य रूपमा दशैं तथा तिहार साँझ मनाईएको थियो। अक्सफोर्ड एकेडेमी स्कुलको हलमा आयोजना गरिएको उक्त कार्यक्रममा करिब २५० भन्दा धैरै महानुभावहरु तथा अन्य पाहुनाहरुको सहभागिता रहेको थियो। कार्यक्रममा चेब्रुंग नाच, नेपाली लोक नृत्यहरु र नेपाली गीतको प्रस्तुतिले भब्य रमाइलो बनाएको थियो। कम्यूनिटिका अध्यक्ष श्री तुलसी पौडेलज्युको कुशल संयोजनमा कार्य समितिका अत्यन्तै सक्रिय महानुभावहरुको अथक प्रयासमा यो कार्यक्रम अति सौहार्द वातावरण सफल भएको थियो। भबिस्यमा पनि यस्तै सफल कार्यक्रमहरुको आशा राखी यस कार्यक्रमलाई सफल पार्न मुख्य भूमिका खेल्नु हुने सम्पूर्ण सहयोगी महानुभावहरु प्रति हार्दिक आभार सहित धैरै धैरै धन्यवाद।





*फोटो- पुर्ण गुरुङ्ग*

लन्डनका नेपाली डीजे हेम विस्ट सँगको यो हाम्रो पहिलो प्रयास थियो। यस कार्यक्रम भब्यताका साथ सफल बनाउनका लागि योजना चरणदेखि अन्तिम चरणको तयारी सम्म सहयोग गर्नु हुने सम्पुर्णमा हाम्रो विशेष धन्यवाद ।

भुपाल गुरुङ्ग (ब्यानर डिजाईनर्),
सन्जय गुरुङ्ग (ब्यानर पहल, उत्कृष्ट प्लेआउट र पार्टी सेटअप)
कविता शर्मा कंडेल (टिकट डेस्क र राफल बिक्रीमा उल्लेखनीय भूमिका)
लीला लिम्बु र मनिषा थापा (कार्यक्रम सहज प्रस्तुतीकरणको लागि)

| **नेपाली गीत नाँच:** | | **चेब्रुंग नाँच:** | **राफल पुरस्कारका प्रायोजकहरु:** |
|---|---|---|---|
| जस्मी गुरुङ | रोशनी उपाध्याय् | नारायण लिम्बु | धर्मराज गुप्ता |
| सेलिया गुरुङ् | बिपना राहदी | भिम कुमारी लिम्बु | सुभाश भाट् |
| ओजल कार्की | बेग बहादुर सुर्यबम्सि | तारा लिम्बु | देबेन्द्र राना |
| आर्या थापा | चन्द्र राहदी | बिनोद लिम्बु | उमेश श्रेष्ठ |
| काया थापा | गोबिन्द सापकोटा | समिर लिम्बु | गोर्खा भिलेज नेपाली भोजनालय |
| समृद्धी शर्मा | लालिता उपाध्यय् | निलम लिम्बु | (Gurkha Village Nepalese |
| प्रियंका कंडेल | दीपा थापा | ओत हाङ सिरेङ् | Restaurant) |
| भुमिसा सापकोटा | | योगराज लिम्बु | |

लन्डनबाट उत्कृष्ट डीजे (श्री हेम बिस्ट्) को व्यवस्था गर्नका लागि सहयोग गर्नुहुने प्रदीप जंग कार्की ज्यु लाई विशेष धन्यवाद, साथै पार्टीको अन्तमा सरसफाई गर्नको लागि सहयोग गर्नुहुने सबैमा धेरै-धेरै धन्यवाद र आँऊदा दिनहरुमा पनि तपाईहरु सबैको यस्तै निरन्तर सहयोगको आशा गर्दछौं।

## च्यारिती डिनर् (Charity Dinner)

शनिबार२ नोभेम्बर-२०१९ अक्सफोर्ड हिन्दू मन्दिर र सामुदायिक केन्द्र परियोजना (OHTCCP) ले आयोजना गरिएको च्यारिती डिनरमा, यस बर्ष हाम्रो समुदायबाट निम्न लिखित व्यक्तीहरु उपस्थित हुनुहुन्थ्यो।



१. तुलसी पौडेल
२. कुल प्रसाद योङ्गया
३. सन्जय गुरुङ्ग्
४. चन्द्र राहादी
५. शीला गुरुङ्ग्
६.डिल्ली गुरुङ्ग्
७. सत्यकला गुरुङ्ग्
८.गोविन्द सापकोटा
९. मैया सापकोटा
१०. डेलिना गुरुङ्ग

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको अक्सफोर्ड भ्रमण






१ नोभेम्बर २०१९, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराई, राजदूत डा. दुर्गा बहादुर सुवेदी र उहाँहरूको टोलीलाई एकदम छोटो समयको सूचनामा निम्तो दिए अनुसार यती नेपाली भोजनालय (Yeti Nepalese Restaurant) अक्सफोर्डमा हाम्रो समुदायबाट निम्न ब्यक्तीहरुले मन्त्रीज्यु लगायत उहाँहरुको टोली सँग अभिवादन र भेटवार्ता गर्नु भएको थियो।

१. तुलसी पौडेल
२. सन्जय गुरुङ्ग
३. प्रेम कँडेल्
४. बिनोद थापा
५. प्रकाश शर्मा
६. गोविन्द सापकोटा
७. आशीष सापकोटा

## स्मरण दिवस (REMEMBERANCE SUNDAY SERVICE) - आईतबार ११ नोभेम्बर २०१९







आर्मिस्टइश दिन ११ नोभेम्बर हो र यसलाई नै स्मरण दिवस पनि भनिन्छ, जुन हरेक वर्षको नोभेम्बरमा दोस्रो आइतवार पर्दछ । यसले १९१८ मा ११ औं महिनाको ११ औं दिनमा ११:०० बजे र ११ मिनेटमा प्रथम विश्वयुद् समाप्त भएको दिनलाई जनाऊछ । येही विषेश दिन अनि समयमा युद्धमा मारिएका मानिसहरुको सम्झना गर्दै ठिक ११ बजे र ११ मिनेट ज्यादा दुई मिनेट मौन धारण गरिन्छ। स्मरण दिवसमा हरेक वर्ष हाम्रो समुदायबाट पनि भुतपुर्व गोर्खा सैनिकहरुले ठुलो संख्यामा सहभागीता जनाऊँदै आइरहेका छन् र यस वर्ष पनि भुतपुर्व गोर्खा सैनिकहरुको राम्रो उपस्थिती थियो ।



हामीलाई पहिलो पटक लर्ड लेफ्टिनेन्ट्स, लर्ड मेयरहरू र अन्य भीआईपीहरूसँग सिभिक प्रोसेसन(Civic Procession) मा सहभागी हुन आमन्त्रित गरिएको थियो । हाम्रो समुदायको तर्फ बाट अध्यक्ष कप्तान

तुलसी पौडेल ज्यु पहिलो सिभिक प्रोसेसनमा उपस्थित हुनुभएको थियो। अघिल्ला वर्षहरुमा झै यसपाली पनि कार्यक्रममा उपस्थित साथै बाहिरबाट सहयोग गर्ने हरु सबैलाई हाम्रो समुदायले जलपानको ब्यावस्था मिलाएको थियो ।

२०२१ सालको आर्मिस्टइश दिन तथा स्मरण दिवस भने आइतबार १४ नोभेम्बरका दिन परेको थियो र हरेक वर्ष झैं यस बर्ष पनि हाम्रो समुदायका भुतपुर्व गोर्खा सैनिकहरुले ठुलो संख्यामा सहभागीता जनाऊँनु भएको थियो। अन्तमा, उपस्थित सबैलाई चिया, कफी, हटचकलेट तथा क्यपचिनोको बन्दोबस्त NCO का सचिव श्री संजय गुरुङ ज्युले गर्नुभएको थियो ।

## विज्ञान र इनोवेशन केन्द्र भ्रमण

मंगलबार १४ नोभेम्बर २०१९, नेपाली समुदाय अक्सफोर्डलाई विज्ञान र इनोभेसन सेन्टर (Science and Innovation Centre) अक्सफोर्ड ले सेन्टर भ्रमण गर्न आमन्त्रण गरेको थियो। एक घण्टा भ्रमणको लागि हाम्रो समुदायका निम्न व्यक्तिहरू साँझ ६:३० बजे, त्यहाँ पुग्नु भएको थियो।

| | | |
|---|---|---|
| १. तुलसी पौडेल११. मैया सापकोटा | ८. प्रतीक कन्डेल | १५. रोशनी उपाध्याय |
| २. मिठु पौडेल | ९. गोविन्द सापकोटा | १६. लीना श्रेष्ठ |
| ३. निलेश पौडेल | १०. आयुष सापकोटा | १७. बिनम्र श्रेष्ठ |
| ४. रिशन पौडेल | ११. मैया सापकोटा | १८. शोभा शर्मा |
| ५. संगिता पौडेल | १२. दीपक शर्मा | १९. समृद्धि शर्मा |
| ६. कविता शर्मा कँडेल | १३. शिरीष शर्मा | २०. एलिसा शर्मा |
| ७. प्रियंका कन्डेल | १४. ललिता उपाध्याय | |



विशेषगरी, यो भ्रमण विज्ञान र प्रविधिको निविनतम काम-कुराहरु हेर्न, जानकारी लिन इच्छुकहरु वा स्कुले विधार्थीहरुको लागि उपयोगी र शिक्षामुलुक थियो। उपस्थित यहाँहरु सम्पुर्णले भ्रमण पछी मनोरन्जनका साथै केहि ज्ञान अवस्य लिनु भयो भन्ने आशा गर्दछौ !

## अक्सफोर्डमा आर्मी च्यारिटी SSAFA द्वारा निशुल्क अङ्ग्रेजी भाषा कक्षा सन्चालन



अक्सफोर्डशायरमा बसोबास गर्ने भूतपूर्व वृद्-वृद्दा गोर्खा साथै अन्य अग्रज बुवा-आमाहरुलाई साधारण अग्रेजी भाषा शिक्षा सिकाऊन भनि आर्मी च्यारिटी शाफा (SSAFA) अक्सफोर्डशायरका सदस्य (SSAFA Case Woker) कृष्ण फेम्बु को सम्योजकत्वमा २६ जनवरी २०१६ साल देखी हप्ताको हरेक मंगलबारको दिन लगातार अंग्रेजी भाषा कक्षा सन्चालन भईरहेको थियो तर कोभिड-१९ को कारण अहिले स्थगित भएको छ । अंग्रेजी भाषा कक्षामा ५३ जना आमाबुवाहरु र ७ जना शिक्षक शिक्षीकाहरु रहेका थिए ।



## अक्सफोर्डशायर SSAFA द्वारा परोपकारी Fund Rising काम

हाम्रा भूतपूर्व गोर्खा तथा परिवार लगायत अग्रज बुवाआमाहरुको आपतकालिन सहयोग रकम बट्ल्न अक्सफोर्ड शाफा (SSAFA) ले बर्षमा च्यारिटी तीन पटक फण्ड कलेक्सन (Fund Raising) गर्ने काम निरन्तर गर्दै आएको छ । यस परोपकारी कामको प्रतीनिधित्व पनि शाफा (SSAFA) अक्सफोर्डशायरका सदस्य (SSAFA Case Worker) कृष्ण फेम्बु ज्यूले गर्दै आईरहन् भएको छ ।



*- शाफा अक्सफोर्डशायरका सदस्य (SSAFA Case Worker) कृष्ण फेम्बु ।*

# अश्मोलियन संग्रहालयमा विविधतामा एकता विश्व महोत्सव
# (One World Festival - Saturday 16, November 2019)

शनिबार १६ नोभेम्बर २०१९, अक्सफोर्ड अश्मोलियन संग्रहालयले विगत ३ वर्ष देखी यो महोत्सव होस्टिंग गर्दै आइरहेको छ। यो उत्सवमा अक्सफोर्डशायर काउन्टीका सम्पूर्ण समुदायहरूलाई एक अर्कोको संस्कृतिहरू मनाउन, अन्तर्राष्ट्रिय संस्कृतिक विविधता प्रदर्शन गर्नका साथै विभिन्न विश्वास, सामाजिक एकजुटताका र मानिसहरूले एक-अर्कालाई ईमानदारीसाथ बुझ्नका लागि हामी सम्पूर्ण मानव जगतलाई एक साथ ल्याउन डिजाइन गरिएको बुझिन्छ ।



*- फोटो- शैलेन्द्र*

गत वर्ष देखी हाम्रो समुदायबाट पनि हाम्रो देश नेपालको सांस्कृतिक गीत र नृत्यहरु प्रदर्शन गर्दै आइरहेको छ। यस वर्ष पनि निकै उत्सुकताका साथ् सहभागी भई विशाल जनसमुह बीच अतिनै सुन्दर प्रस्तुति दिनुहुने हाम्रा सम्पूर्ण कलाकारहरुलाई हाम्रो समुदायको तर्फबाट धेरै-धेरै धन्यवाद:

| चेब्रुंग नाँच समुह: | | सांस्कृतिक नाँच समुह: १ | सांस्कृतिक नाँच समुह: २ |
|---|---|---|---|
| १. नारायण लिम्बु | ६. समिर लिम्बु | १. सेलिया गुरुङ | १. भुमिसा सापकोटा |
| २. भिम कुमारी लिम्बु | ७. नुलम लिम्बु | २. ओजल कार्की | २. रोशनी उपाध्याय् |
| ३. तारा लिम्बु | ८. ओत हङ सिरेङ | ३. आर्या थापा | |
| ४. बिनोद लिम्बु | ९. योग राज लिम्बु | ४. काया थापा | |
| ५. जेसिका लिम्बु | १०. जेनिसा लिम्बु | ५. समृद्दी शर्मा | |
| | | ६. प्रियका कंडेल | |

माथी उल्लेखित कलाकारहरु, कलाकारका आभिभावकहरु, नाँच सिकाउने कोरियोग्राफहरु, लैजाने-ल्याउने यातायातको ब्याबस्था साथै अन्य सम्पूर्ण कुराहरुमा सहयोग गर्नुहुने सबैजना धन्यवाद का पात्रहरु हुनुहुन्छ। हामी सबै मिलेर काम नगरेको भए यो सम्भब थिएन। यहाँहरु सम्पुर्णको निरन्त्तर सहयोग समुदायको लागि अमुल्य छ, भन्नु हुँदै नेपाली समुदायका अध्यक्ष कप्तान (सेवानिवृत्त) तुलसी पौडेल ज्यु ले गर्वका साथ सहभागी सम्पुर्णमा हृदय देखी नै आभार प्रकट गर्नु भएको थियो।

## मादल कक्षा संचालन



आइतबार ८ डिसेम्बेर २०१९, हाम्रो समुदायका संगीत प्रेमी हरुको चाहनालाई मध्य नजर गरि पहिलो पटक मादल कक्षा संचालन सुरु गरिएको थियो। हाम्रा समुदायका संगीत पारखी श्री शैलेन्द्र सुवाल ले हप्ताको एक दिन प्रतेक आइतबार प्रशिक्षण गर्नु भएको थियो।

## सामुदायिक मनोरन्जन भ्रमण कोष अनुमोदित

सोमबार ९ डिसेम्बर २०१९, सामुदायिक मनोरन्जन दिन आइतवार २६ जुलाइ २०२० को लागि हाम्रो समुदायले १२ अक्टूबर २०१९ मा सामुदायिक मनोरन्जन भ्रमण कोषको लागि आवेदन पेश गरेको थियो। ८ डिसेम्बर २०१९ मा अनुमोदित भए अनुसार अनुरोध गरिएको पूर्ण रकम £ 2802 हामीलाई प्राप्त भएको छ ।

नेपाली समुदायमा आवद् हामी सम्पुर्णको लागि फेरी पनि यो निकै खुशीको खबर हो। आफ्नो समुदायको उत्थानको लागी निःस्वार्थ लागिरहने समुदायका प्रमुख प्रतिनिधित्वकर्ता अध्यक्ष कप्तान (सेवानिवृत्त) तुलसी पौडेल ज्यु को अथक मेहनत र योगदानको यो प्रभावीकारी परिणाम हो भन्दा दुईमत नहोला। वास्तवमा, समुदायको लागि अध्यक्ष ज्यु को स्थानीय कोष संस्था र संगठनहरु संगको निरन्तर र प्रभावी समन्वय प्रशंसनिय छ, हामी गर्व गर्दछौ ।

कोरोना महामारीको कारणले गर्दा यो कार्यक्रम जुलाई २०२० मा हुन सकेन र ३१ जुलाई २०२२ मा सारिएको छ।

## नेपाली दूताबास लण्डन ले VISIT NEPAL 2020 को औपचारिक घोषणा



शनिबार ४ जनवरी २०२०, नेपाली दूताबास लण्डन को निमन्त्रणामा VISIT NEPAL 2020 को औपचारिक घोषणा अनि प्रचार प्रसारको लागि राखिएको कार्यक्रममा हाम्रो समुदायको प्रतिनिधित्व गर्दै वर्तमान अध्यक्ष कप्तान (सेवानिवृत्त) तुलसी पौडेल, संजय गुरुङ, टिका पौडेल र प्रेम कंडेल ले सहभागिता जनाउनु भएको थियो। तर दुखको कुरा कोरोना महामारीको कारणले गर्दा यो कार्यक्रमले पूर्णता पाउन सकेन।

## डाल्टोन ब्यारेक अबिंगडनमा मन्दिरको उद्घाटन

बुधबार १५ जनवरी २०२०, चौथो रेजिमेन्टमा कार्यरथ गोर्खा सैनिकहरुको निमन्त्रणामा हाम्रो समुदायका निक्कै धैरे मानिसहरुले डाल्टोन ब्यारेक अबिंगडनमा निर्माण गरिएको मन्दिरको उद्घाटन भाग लिनु भएको थियो।



## बिष्णुमाया लो लाई आर्थिक सहयोग

नेपालमा, १७ वर्षे नानी बिष्णुमाया लो को आमा-बाबा दुवै लाई क्यान्सर उपचार खर्चको अभावले पत्रकार भाग्य न्यौपाने सामू बसेर रून्दै संसार भरी छरिएर बस्नुभएका नेपालीहरूलाई आर्थिक सहयोगको अपील गरिरहेको भाइरल भिडीयो देखेर हामी अक्सफोर्डवासी नेपालीहरूले पनि केही आर्थिक सहयोग गरौ भन्ने उदेश्यले नेपाली समुदाय अक्सफोर्डशायेरका उपाध्यक्ष श्री कुल प्रसाद योडंयाज्यु को नेतृत्वमा जम्मा - ५७ जना बाट £ १००७.५०. संकलन भएको थियो । एक हप्तामा संकलित रकम रु. १,४८,१०० / पीडित बिष्णुमाया लो लाई उनकै घरमा हस्तान्तरण गर्नु भएको भिडियो सहितको जानकारी दिनुहुँदै यस परोपकारी अभियानमा सहयोग गर्नुहुने सम्पूर्ण दाताहरूलाई उपाध्यक्ष ज्युले धन्यवाद ज्ञापन गर्नु भएको थियो।

सहयोगी दाताहरुको नामावली :

1. Tulasi Paudel & family - £20.00
2. Kul Prasad Yongya & family - £30.00
3. Prem Kandel and family- £50.00
4. Phan Thapa & family- £20.00
5. Indra Kumari imbu & family - £40.
6. Do Bahadur Garbuja & family- £35.00
7. Lila Raj Kambang & family - £20
8. Ashok Rai & family - £20.00
9. Purna Gurung & Family £20.00
10. Subhash Bhatt & Family £20
11. Hira Sapkota & Family - £20
12.Sashi Subba & family - £30
13. Krishna Phembu £20
14. Sita Devi Iwaram. £20.
15. MB Thapa & family £20
16. G. Sapkota & family £20
17. Ammar Thapa & family £20.00
18. Devendra Khimding £20.00
19. Bhagat Thapa & family £20.00
20. Kapil Khadka & family. £20.
21. Megh Limbu & Family £20
22. Beg B Suryabangsi £ 20
23. Krishna Thebe - £10.
24. Krishna Senehang & family £30.
25. Chandra Bdr. Limbu & family. £5.
26. Hem bdr Limbu & family. £5.
27. Hem bdr Chongbang & family £10.
28. Tek Bdr. Limbu & family £10
29. Dhan Bdr. Maden & family £5.
30. Budha Labung & family £10.
31. Nerendra Labung & family £10.
32. Hangma rani Limbu & family £10.
33. Tilok Yakha & family £10.
34. Jagat Chabegu & family £5.
35. Man dhoj Limbu & family £5.
36. Lal dhan Lawat & family £10.
37. Padam bdr Limbu & family £10.
38. Mati bdrBegha & family £20.
39. Man maya Lingkhim & family £10.
40. Raj kumari Limbu & family £5.
41. Jit hang Yakso & family £5.
42. Bhati psd Limbu & family £10.
43.Chandra Rahadi & family £20.
44. Birjan Limbu & family £5.
45. Raghunath Tamang &family £20
46. Chandra Subba- £20.00
47. Narnarayan sireng- £20.
48. Ganesh Dewan & family. £35.
49. Binod Thapa & Family-£20
50. Nar Gurung & family- £20.
51, ChitraThapa and family £20
52. Tika Paudel and family £20
53. Chandra Maden & Family £20
54. Kamala Rana & family- £20
55. Sanjay Gurung & family £20.
56. Debendra Rana & Family £22.50
57. Tilak Upadhya &family £15

## अक्सक्लिन २०२० (OxClean - 2020)

आइतवार १ मार्च २०२०, अक्सफोर्ड सिटी काउन्सिलले आयोजित अक्सक्लिन (OxClean) कार्यक्रममा हाम्रो समुदायको तर्फ बाट सहभागी हुनुहुने हरुको नाम यस प्रकार छ।

**Rose Hill Team:**
1. Mr Bhakta Bahadur Limbu.
2. Mr Binod Limbu
3. Mrs Bhim Kumari Limbu
4. Mr Chandra Rahadi
5. Mr Devendra Khimding
6. Mr. Harka Limbu
7. Mrs Indra Limbu
8. Mr Narnarayan Limbu
9. Mr Otang Limbu
10. Mr Pratiman Limbu
11. Mr Puru Sitaula

**Barns Road Team:**
1. Mr Ammar Thapa
2. Mr Chitra Thapa
3. Miss Cilia Gurung
4. Mr Debendra Rana
5. Mr Kapil Khadga
6. Mr Kul Prasad Yongya
7. Mrs Kabita Sharma Kandel
8. Mrs Mrs Laxmi Sapkota
9. Mr Prem Kandel
10. Mr Raghunath Tamang
11. Mr Sanjaya Gurung
12. Mrs Sita Iwaram
13. Mr Tika Paudel
14. Mr Tulasi Paudel

आफ्नो बेफुर्सदिलो दैनिक जीवन बाट केहि समय निकाली आजको OxClean कार्यक्रममा उपस्थित भई यस कार्यक्रमलाई सफल पारिदिनु भएकोमा माथि उल्लेखित सबै जनालाई  हाम्रो समुदायको अदक्ष्य- श्री तुलसी पौडेल ज्युले हृदय देखि नै धैरै -धैरै धन्यवाद प्रकट गर्नु भएको थियो ।



आगामी वर्षहरुमा पनि अझै धैरैको सहभागिता हुनेछ भन्ने पुर्ण बिश्वास गर्दछौ ।

## श्रीमान/श्रीमती बिर्बल राई लाई आर्थिक सहयोग

आइतबार ८ मार्च २०२०, कि.रा.या. अक्सफोर्डले जानकारी गराए अनुसार; धरान घर भैइ विगत ३ वर्ष देखी रोजहिलमा वसोवास गर्दै आइरहनुभएका श्री विरवल राई ज्यु विगत केहि समय देखी गम्भिर रोगको उपचार गराइ रहनु भएको, रोगले अझैं चाप्दै लगेको र चिकित्सक हरुले उपचारले दिर्ग जीवनको लागि खासै सकारात्मक असर नहुने जस्तो सल्लाह दिएका हुनाले साथै श्रीमती हरिमाया राई को पनि स्वास्थ्य अवस्था अतिनै नाजुक भएको कारणले गर्दा उँहाहरुले नेपाल फर्कने मनस्थिति बनाउनु भएको थियो । बिरबल राई को Army को Pension पनि नभएको र आर्थीक अवस्था अतिनै नाजुक भएको कारणले नेपाल फर्कन पनि कठिन भएको हुनाले आर्थिक सहयोग गरौ भन्ने उदेश्यले हाम्रा समाजका समाज सेबी श्री अशोक राई ज्युको नेतृत्वमा £११३१/ संकलन गरि हस्तान्तरण गरिएको थियो। उक्त कार्यमा निम्न लिखित माहनुभाब बाट सहयोग रकम प्राप्त भएको थियो । अपसोचको कुरा बिर्बल राई नेपाल फर्कन सक्नु भएन र १० मे २०२० मा यो धर्ति बाट सदाको लागि बिदा लिनु भयो।

